नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल नेपाल

# नेपाल ए.पी.एफ.अस्पताल

फोन नंः-४३१५२२४
फ्याक्स नं.ः-४३१३६००
Email:-apfhospital.procurement@gmail.com

प्रबन्ध शाखा,
बलम्बु काठमाण्डौं ।

पत्र संख्या (०७९/०८०)/ १०५

मितिः २०७९/०५/२० गते ।

**श्री सूचना तथा संचार प्रविधी शाखा (कम्प्यूटर),**
**सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोक ।**

विषयः- सूचना पठाईएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल ए.पी.एफ.अस्पतालको निमित्त आ.व.२०७९/०८० मा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरु e-Bidding को माध्यमबाट खरिद गर्न मिति २०७९/०४/१५ गतेको राष्ट्रिय दैनिक पत्रिका राजधानीमा बोलपत्र आह्वानको सूचना (APFH/NCB/G/01/2079/080) प्रकाशित गरि मिति २०७९/०५/१५ गते खोलिने भएकोमा मजकुर कार्यालयको पत्र संख्या ०७९/८० चलानी नं.१६१ मिति २०७९/०५/०९ गते बोलपत्र सम्बन्धी कागजात (स्ट्यान्डर्ड बिडिङ्ग डकुमेन्ट) प्रयोग गर्ने सम्बन्धी सूचना वेभ साईटमा प्रकाशित गरेकोमा यस कार्यालयवाट Procurement Requiring Bidder's Qualification सहितको पुरानै बोलपत्र सम्बन्धी कागजात अनुसार बोलपत्र आह्वान गरिएको हुँदा उक्त औषधी तथा औषधीजन्य सामाग्रीहरु अत्यावश्यक भएको र पुनः ३० दिनको सूचना कायम गरि बोलपत्र आह्वान गर्दा थप समय लाग्ने भएको हुँदा मिति २०७९/०५/२६ गते आईतवार बोलपत्र खोल्ने गरि ११ (एघार) दिनको म्याद थप गरिएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ (१२ औ संशोधन) बमोजिम Single-Stage: Two Envelope Bidding Procedure बमोजिम नमूना बोलपत्र अपलोड गर्नु पर्ने भएको हुँदा मिति २०७९/०५/२० गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भई सकेको हुँदा उक्त सूचंना सशस्त्र प्रहरी बल, नेपालको वेभ साईट www.apf.gov.np मा राखी दिन हुन उक्त सूचनाको Hard Copy पाना-१ (एक) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा सादर अनुरोध गरिएको छ ।

(डा.रुपक महर्जन)
प्रा.सशस्त्र प्रहरी नायब महानिरीक्षक
अस्पताल प्रमुख